# प्रदेश राजपत्र


कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, असार २५ गते, २०८३ साल (संख्या ५


## भाग-२

कर्णाली प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सूचना

### <u>कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३</u>

कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३" रहेको छ।


मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

(क) "इजाजतपत्र" भन्नाले ऐनको दफा ४ बमोजिमको इजाजतपत्र सम्झिनु पर्छ।

(ख) “ऐन” भन्नाले कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले सङ्घीय ऐनको दफा १४ बमोजिमको प्लान्ट क्वारेन्टीन तथा बिषादी व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

(घ) “जैविक विषादी” भन्नाले बोट बिरुवा, पशुपन्छी र सूक्ष्म जीव लगायतका प्राकृतिक स्रोतबाट तयार गरिएको जीवनाशक विषादी सम्झनु पर्छ।

(ङ) "सक्रिय तत्व" भन्नाले बिषादी संश्लेषण र उत्पादन गर्दा त्यसमा जैविक वा रासायनिक रुपमा सक्रिय रहेको तत्व (बिषांक) सम्झनु पर्छ।

(च) “समिति” भन्नाले ऐनको दफा ६ बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) ''व्यवसायिक प्रयोग तथा छर्कने व्यवसाय'' भन्नाले कृषि प्रयोजनका लागि विषादी छर्कने तथा प्रयोग गर्ने व्यवसायलाई सम्झनु पर्छ।

(ज) "कार्यालय" भन्नाले जिल्ला स्थित मन्त्रालय मातहतको कृषि हेर्ने कार्यालय सम्झनु पर्छ।

**३. इजाजतपत्र सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ४ को उपदफा (१) र (२) बमोजिम पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय गर्न इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले देहायका विवरण तथा कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको विवरण सहितको ढाँचामा अनुसूची-२ अनुसारको दस्तुर सहित कार्यालय मार्फत वा सिधै प्रयोगशाला समक्ष निवेदन दिनु पर्नेछः-

(क) व्यावसायिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्र,

(ख) खुद्रा विषादी विक्रेता सम्बन्धी विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री वितरण सम्बन्धी तालिममा सहभागी भई प्रयोशालाले सञ्चालन गरेको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ग) कम्तिमा एस.ई.ई. वा सो सरह उत्तीर्ण भएको प्रमाणपत्र,

(घ) जीवनाशक विषादीको कारोबार खुलेको स्थायी लेखा नम्बर,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(च) कार्यालयको सिफारिस पत्र,

(ज) हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो,

(झ) दस्तुर तिरेको प्रमाण।

(२) उपनियम (१) बमोजिम कार्यालयमा प्राप्त निवेदनका साथ निरीक्षकद्वारा गोदाम तथा पसलको निरीक्षण गरिएको अनुसूची-३ बमोजिमको चेक लिस्ट सहित सात दिनभित्र कार्यालयले प्रयोगशाला समक्ष पठाउनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(३) उपनियम (१) बमोजिमको निवेदन उपर समितिले जाँचबुझ गरी इजाजतपत्र दिन उपयुक्त देखिएमा निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र इजाजतपत्र दिनु पर्नेछ।

(४) कुनै व्यक्ति, संस्था वा निकायले जैविक विषादी मात्र बिक्री वितरण गर्न चाहेमा निजलाई समितिले अनुसूचि-४ बमोजिमको ढाँचामा छुट्टै इजाजतपत्र दिनु पर्नेछ।

(५) यस नियमावलीमा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनी यो नियम प्रारम्भ हुनु भन्दा आगाडी नियमानुसार इजाजतपत्र प्राप्त गरेकाको हकमा नवीकरण गर्न बाधा पर्ने छैन।

४. **<u>योग्यता सम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा ४ को उपदफा (३) अनुसार इजाजतपत्र प्राप्त गर्नको लागि व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछः

(क) इजाजतपत्र प्राप्त गर्नको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

तर यो नियमावली प्रारम्भ हुनु भन्दा आगाडी नियमानुसार इजाजतपत्र प्राप्त गरेकाहरुको हकमा नवीकरण गर्न बाधा पर्ने छैन।

(ख) इजाजतपत्र लिन चाहेको विषयमा समितिले तोकेको तालिम लिई प्रयोगशालाले सञ्चालन गरेको परीक्षा उतीर्ण गरेको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

(ग) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र प्राप्त गरको हुनु पर्नेछ।

५. **<u>तालिम प्रमाणपत्र लिनु पर्नेः</u>** (१) जीवनाशक विषादीको विक्री वितरण र भण्डारण गर्न चाहने व्यक्ति, संस्था वा निकायले नियम ४ को खण्ड

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(ख) बमोजिमको प्रमाणपत्र लिएको हुनु पर्नेछ। तालिम प्रमाणपत्रको ढाँचा अनुसूची-५ बमोजिम हुनेछ। तालिम प्रमाणपत्र लिएको व्यक्ति, संस्था वा निकायले इजाजतपत्र लिन चाहेको खण्डमा अनुसूची-६ बमोजिमको ढाँचामा समितिले इजाजतपत्र दिन सक्नेछ।

(२) जीवनाशक विषादीको व्यवसायिक प्रयोग र छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले नियमको ४ को खण्ड (ख) बमोजिमको प्रमाणपत्र लिएको हुनु पर्नेछ। तालिम प्रमाणपत्रको ढाँचा अनुसूची-७ बमोजिम हुनेछ र तालिम प्रमाणपत्र लिएको व्यक्ति, संस्था वा निकायले इजाजतपत्र लिन चाहेको खण्डमा अनुसूची-८ बमोजिमको ढाँचामा समितिले इजाजतपत्र दिन सक्नेछ।

(३) नियमावली प्रारम्भ हुन भन्दा अघि प्रमाणपत्र प्राप्त गरी हालसम्म इजाजतपत्र नलिएका बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले इजाजतपत्र लिन चाहेको खण्डमा अनुसूची-६ र अनुसूची-८ बमोजिमको ढाँचामा समितिले इजाजतपत्र दिन सक्नेछ।

६. **<u>इजाजतपत्रको नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ४ को उपदफा (३) बमोजिम दिएको इजाजतपत्रको अवधि समाप्त हुने मितिको पैंतीस दिन अगावै सम्बन्धित इजाजतपत्रवालाले नवीकरणको लागि देहायका कागजात संलग्न गरी अनुसूची-९ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर सहित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले कार्यालय मार्फत वा सिधै प्रयोगशालामा निवेदन दिनु पर्नेछः

(क) इजाजतपत्रको सक्कल प्रति (इजाजतपत्र हराएको खण्डमा प्रमाणित प्रतिलिपि),

(ख) कारोबारको वार्षिक परिमाण र मूल्य विवरण,

(ग) हालसालै खिचिएको एक प्रति पार्सपोर्ट साइजको फोटो,

(घ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ङ) कार्यालयको सिफारिस पत्र,

(च) निरीक्षकले गोदाम तथा पसलको निरीक्षण गरिएको अनुसूची-३ अनुसारको चेक लिस्ट,

(छ) दस्तुर तिरेको प्रमाण।

(२) ऐनको दफा ४ को उपदफा (६) अनुसार इजाजतपत्र नविकरणको लागि कार्यालयमा प्राप्त निवेदन सात दिनभित्र प्रयोगशालामा पठाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरणको लागि निवेदन उपर समितिले आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गर्न उपयुक्त देखिएमा नवीकरण गर्नु पर्नेछ।

(४) यो नियमावली जारी हुनुभन्दा आगाडि इजाजतपत्र प्राप्त गरी तोकिएको समय भित्र नवीकरण नभएका तर हाल सञ्चालनमा रहेका व्यवसायीको हकमा एक पटकको लागि यो नियमावली जारी भए पश्चात उपनियम (१) बमोजिमको कागजात सहित निवेदन पेस गरेमा नवीकरणको दोब्बर दस्तुर लिई इजाजतपत्र नवीकरण गर्न सकिनेछ। सो को लागी कार्यालय वा प्रयोगशालाले सूचना प्रकाशन गरि जानकारी दिनु पर्नेछ।

(५) ऐनको दफा ४ को उपदफा (९) बमोजिम स्वतः खारेज भएमा त्यस्तो इजाजतपत्रवाला पुनः इजाजतपत्र प्राप्तिको लागि निवेदन दिन अयोग्य हुने छैन।

७. **<u>इजाजतपत्र खारेज गर्न सक्नेः</u>** (१) समितिले प्रयोगशालाको सिफारिसमा देहायका अवस्थामा इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) ऐनको दफा ५ को उपदफा (१) बमोजिमको अवस्था भएमा,

(ख) प्रदेश समिति वा प्रयोगशाला वा निरीक्षकले लिखित चेतावनी दिँदा कार्यान्वयन नगरेमा,

(ग) ऐन, यस नियमावली र अन्य प्रचलित कानून अनुसार दुई पटक भन्दा बढी जरिवाना भएमा।

(२) ऐनको दफा ५ को उपदफा (२) बमोजिम प्रक्रिया प्रारम्भ भई उपदफा (३) बमोजिमको निर्णय प्राप्त नभएसम्म उक्त इजाजतपत्र स्वतः निलम्बन भएको मानिनेछ।

८. **इजाजतपत्र प्रतिलिपि दिन सक्नेः** (१) इजाजतपत्र बाहक व्यक्ति, संस्था वा निकायले इजाजतपत्र हराएमा वा कुनै किसिमले नस्ट भई त्यसको प्रतिलिपि लिन चाहेमा आवश्यक बेहोरा खुलाई इजाजतपत्र प्राप्त गर्नका लागि देहाय बमोजिमको कागजातसाथ कार्यालय मार्फत वा प्रयोगशालामा निवेदन दिन सक्ने छ।

(क) नागरिकताको प्रमाणपत्र,

(ख) इजाजतपत्रको प्रतिलिपि वा इजाजतपत्र नम्बर र जारी मिति,

(ग) व्यवसाय दर्ता प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र,

(घ) तालिमको प्रमाण पत्र।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर प्रयोगशालाले नवीकरण भए नभएको यकिन गरी अनुसूची-२ बमोजिमको दस्तुर लिई प्रतिलिपि प्रदान गर्न सक्नेछ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ८ बमोजिमको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(क) जीवनाशक विषादी सम्बन्धमा प्रदेश सरकारलाई राय, सुझाव र परामर्श दिने,

(ख) प्रयोगशालालाई आवश्यक सुझाव तथा निर्देशन दिने,

(ग) क्षतिपूर्ति निर्धारण समितिको कामलाई सहजीकरण गर्ने,

(घ) जीवनाशक विषादीको परीक्षण प्रयोगशाला स्थापनाको लागि आवश्यक कार्यक्रम, बजेट तथा जनशक्ति व्यवस्थापनको लागि सहजीकरण गर्ने,

(ङ) म्याद नाघेका, प्रतिबन्धित, पञ्जीकरण नभएका र जफत गरिएका जीवनाशक विषादीको प्रदेशस्तरमा भण्डारण गृह निर्माण तथा विसर्जनको लागि प्रदेश सरकारसँग आवश्यक व्यवस्थाको लागि पहल गर्ने,

(च) प्रदेशमा रहेका जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन गरी प्रदेश मन्त्रालयमा प्रतिवेदन पेस गर्ने,

(छ) जीवनाशक बिषादी सम्बन्धी आचारसंहिता तथा मापदण्ड तर्जुमा गर्न मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(ज) सङ्घीय ऐनको दफा ११ बमोजिमको समितिले अधिकार प्रत्यायोजन गरे अनुसारका अन्य काम,

(झ) रासायनिक विषादीको प्रयोग कम गर्ने उपायहरुका लागि प्रदेश सरकारलाई आवश्यक नीतिगत सुझाव दिने,

(ञ) विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री वितरण र छर्कने व्यवसाय सञ्चालन सम्बन्धी तालिम तथा पुनर्ताजगी तालिमको पाठ्यक्रम निर्माण तथा समय सापेक्ष परिमार्जन गर्ने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

(ट) समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोगशालालाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. **<u>प्रयोगशालाको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा ९ को उपदफा (२) अनुसार प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सचिवालयको रुपमा काम गर्ने,

(ख) रासायनिक विषादी न्यूनीकरणका लागि जैविक विषादीको प्रयोग प्रवर्द्धन सम्बन्धी आवश्यक कार्य गर्ने,

(ग) जीवनाशक विषादीको व्यवस्थापनमा संलग्न जनशक्ति तथा इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायमा कार्यरत जनशक्तिको लागि तालिम प्रदान गर्ने,

(घ) जीवनाशक विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री वितरण र छर्कने सम्बन्धी तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन, व्यवस्थापन परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(ङ) जीवनाशक विषादीको प्रयोगको लागि त्यस्ता विषादीको वर्गीकरणको आधारमा प्रयोग गर्नुपर्ने स्प्रेयर र डष्टर, जीवनाशक विषादी छर्कंदा लगाउनु पर्ने सुरक्षात्मक पहिरन तथा उपकरण निर्माण तथा विकास र भण्डारण कोठा वा स्थान जस्ता पूर्वाधार तयार गर्दा पालना गर्नुपर्ने सुरक्षात्मक उपायहरू सिफारिस गर्ने तथा सहयोग र सहजीकरण गर्ने,

(च) बालीनालीमा क्षति गर्ने रोग, किरा, झारपात व्यवस्थापनमा प्रयोग हुने वातावरण मैत्री प्रविधि र पदार्थको उत्पादन र प्रयोगमा प्रोत्साहन तथा पैठारीका लागि सहजीकरण गर्ने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(छ) ऐनको दफा ३ को उपदफा (२) बमोजिम जीवनाशक विषादीको पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायको निवेदन संकलन गरि मन्त्रालय मार्फत सङ्घीय ऐनको दफा १४ बमोजिमको निकायमा पठाउने,

(ज) सङ्घीय ऐन अनुसार पञ्जीकृत विषादीको विवरण प्रत्येक त्रैमासिक अनुसार अध्यावधिक गर्ने,

(झ) विषादीजन्य दुर्घटना वा विषादी दुरुपयोगको कारणबाट हुने क्षतीको अभिलेख तयार गरी वार्षिक रुपमा मन्त्रालय समक्ष पेस गर्ने,

(ञ) समितिलाई इजाजतपत्र खारेजिको लागी सिफारिस गर्ने,

(ट) निरिक्षकले सम्पादन गरेको कामको त्रैमासिक प्रतिवेदन मन्त्रालय र समिति समक्ष पेस गर्ने,

(ठ) जिवनाशक विषादीको नमुना सङ्कलन तथा परीक्षण गर्ने,

(ड) जीवनाशक विषादीसम्बन्धी सम्पूर्ण कार्यहरुको अनुगमन र नियमन गर्ने,

(ढ) जीवनाशक विषादीको व्यवस्थापन सम्बधी आवश्यक विवरण अद्यावधिक गर्ने,

(ण) निरीक्षकको कामको अनुगमन, निर्देशन तथा पृष्ठपोषण गर्ने,

(त) प्रयोगशालाले गरेका कार्यहरुको वार्षिक प्रतिवेदन प्रदेश समिति र सङ्घीय समितिमा पठाउने,

(थ) बिषादी सम्बन्धी अध्ययन तथा अनुसन्धनात्मक कार्यहरु गर्न सक्नेछ,

(द) सङ्घीय ऐन अनुसार पञ्जीकृत विषादीको विवरण प्रत्येक त्रैमासिक अनुसार अध्यावधिक गर्ने,

(ध) समितिको निर्णय अनुसार इजाजतपत्र दिने,



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

(न) इजाजतपत्र नवीकरण गर्ने,

(प) निरीक्षकले सम्पादन गरेको कामको त्रैमासिक प्रतिवेदन मन्त्रालय र समिति समक्ष पेस गर्ने,

(फ) जीवनाशक विषादीको गुणस्तर परीक्षण गर्ने प्रयोजनको लागी नमुना संकलन गर्ने,

(ब) नियम ३ को उपनियम (१) को खण्ड (ख) परीक्षा सञ्चालन गर्ने,

(भ) ऐनको दफा ६ बमोजिमको समितिले अधिकार प्रत्यायोजन गरेको काम गर्ने।

११. **निरीक्षकको अन्य काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा १२ बमोजिमका काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार वा विसर्जन जस्ता कार्य गर्दा आवश्यक सम्पूर्ण सुरक्षाका उपाय, प्राथमिक उपचार र उद्धार सामग्रीको व्यवस्था भए नभएको अनुगमन गरी सो प्रतिवेदन प्रयोगशालामा पठाउने,

(ख) प्रयोगशाला र समितिको निर्देशन र समन्वयमा आवश्यक कार्य गर्ने ।

(२) ऐनको दफा १२ उपदफा (१) को खण्ड (छ) बमोजिम सामग्री जफत गर्दा निरीक्षकले त्यस्तो ठाउँमा तत्काल उपलब्ध कम्तिमा दुई जना स्थानीय व्यक्ति, स्थानीय तहमा रहेको नेपाल प्रहरी र स्थानीय तहको कृषि प्राबिधिक कर्मचारी वा स्थानीय तहको कृषि प्राबिधिक कर्मचारी उपलब्ध नभए कुनै सरकारी कार्यालयको एकजना

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

कर्मचारी भए निजलाई रोहबरमा राखी अनुसूची-१० बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सर्वशाधरणको उपस्थिति हुन नसक्ने परिस्थिति भएमा वा उपस्थित नभएमा वा उपस्थित भई रोहवर बस्न इन्कार गरेमा मुचुल्कामा सोको बेहोरा उल्लेख गर्नु पर्नेछ।

१२. <u>**जीवनाशक विषादीको प्रयोगसम्बन्धी आचारसंहिताः**</u> (१) जीवनाशक विषादी प्रयोगकर्ताले रासायनिक विषादी प्रयोग गर्नुभन्दा कम्तिमा चौबिस घण्टा आगावै अनिवार्य रुपमा चरण प्रभाव क्षेत्रको मौरीपालक कृषकलाई जानकारी गराउनु पर्नेछ।

(२) जीवनाशक विषादी प्रयोगकर्ताले बिषादी प्रयोग पश्चात उक्त स्थानमा प्रयोग भएको विषादीको विवरण खुलाई सचेतना सम्बन्धी संकेत टाँस गर्नुपर्नेछ।

(३) रातो वा पहेंलो लेवलका जीवनाशक विषादीको विक्री वितरण गर्दा अनिवार्य क्रेताको अभिलेख राख्ने र तोकिएको बिषादीलाई निरीक्षक वा कृषि प्राबिधिकको सिफारिसमा मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(४) जीवनाशक विषादी, भेटेरिनरी औषधी र खाद्य पदार्थको भण्डारण र विक्रि वितरण एकै स्थानमा गर्न पाइने छैन।

(५) गर्भवती महिला, बालबालिका, मादक पदार्थ सेवन गरेका व्यक्ति तथा गम्भीर रोगीहरुलाई जीवनाशक विषादीको विक्रि वितरण र प्रयोगमा संलग्न गर्न गराउन पाइने छैन।

(६) जीवनाशक विषादी प्रयोगकर्ताले विषादी प्रयोग पश्चात उक्त विषादीको पर्खन पर्ने अवधि भन्दा अगावै कृषि उपज भित्र्याउने, उपभोग तथा विक्री वितरण गर्न पाईने छैन।

१३. **<u>जीवनाशक विषादीको प्रयोगमा प्रतिबन्ध:</u>** प्रयोगशालाले अनुगमन तथा निरीक्षण गर्दा वा परीक्षण गर्दा मानव, जीवजन्तुको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव पार्ने देखिएको अवस्थामा कुनै जीवनाशक विषादीको प्रयोगलाई प्रतिबन्ध लगाउन सङ्घीय जीवनाशक विषादी व्यवस्थापन समिति समक्ष सिफारिस गर्न सक्नेछ।

१४. **<u>जीवनाशक विषादी बिक्री वितरण, ओसारपसार प्रयोग, भण्डारण र थोक तथा खुद्रा बिक्रेताले पालना गर्नुपर्ने आचारसँहिता:</u>** (१) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण, वा बिक्री वितरण तथा ओसारपसार गर्दा देहाय बमोजिमको सुरक्षात्मक उपाय अपनाउनु पर्नेछः-

(क) कार्यस्थलमा सबैले देख्ने स्थानमा प्राथमिक उपचार र उद्धार सामग्रीको व्यवस्था गर्ने,

(ख) जीवनाशक विषादीको भण्डारण गर्ने स्थानको भुईं तथा भित्ता जीवनाशक विषादीको सोस्न नसक्ने गरी ढलान गरिएको, पानी नचुहिने, हावा आवतजावत गर्ने, झ्याल भएको र अनुसूची -११ बमोजिम जीवनाशक विषादीको खतराको चिन्ह राख्नु पर्ने,

(ग) जीवनाशक विषादी ढुवानी गर्ने साधनमा खाद्यान्न, पशु दाना, औषधि वा अन्य वस्तु राख्न नहुने,

(घ) कुनै पनि जीवनाशक विषादीलाई अन्य भाँडोमा खन्याएर राख्न वा बिक्री गर्न नहुने,

(ङ) जीवनाशक विषादी बिक्री कक्षमा बालबालिकाको प्रवेशलाई निषेध गर्ने तथा बालबालिका मार्फत वा

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

बालबालिकालाई त्यस्तो जीवनाशक विषादी बिक्री वितरण नगर्ने,

(च) जीवनाशक विषादीको प्रयोग गर्दा सूचकपत्रमा निर्दिष्ट गरे बमोजिमको सावधानी तथा सुरक्षाका उपाय अवलम्बन गर्नु पर्ने,

(छ) जीवनाशक विषादीको प्रयोग गर्दा वातावरण र मानिस, पशुपन्छी तथा मौरी लगायतका लाभदायक किरालाई तुलनात्मक रुपमा कम हानी गर्ने पञ्जीकृत जीवनाशक विषादीमात्र प्रयोग गर्नु पर्ने,

(ज) रातो र पहेंलो सङ्केत भएका घातक जीवनाशक विषादी बिक्री गर्दा बिक्रेताले अनिवार्य रुपमा खरिदकर्ताको अभिलेख राख्नु पर्ने,

(झ) चरन क्षेत्रमा राखिएको मौरीलाई जीवनाशक विषादी छर्कने स्थानमा आवतजावत हुन नदिन मौरी पालकलाई जीवनाशक विषादी छर्कने सूचना अग्रिम दिनु पर्ने,

(ञ) जीवनाशक विषादी पोखिएमा विषादी धुलो वा ठोस अवस्थामा भए पोखिएको मात्राको दुई गुणा बढी बालुवा, सुख्खा माटो वा काठको धुलोले छोप्ने तथा कुचोको मद्दतले सम्पूर्ण पोखिएको वस्तु उठाएर पानीको मुहान नभएको र मानिस वा चौपाया नजाने सुरक्षित स्थलमा कम्तीमा पचास सेन्टी मिटर गहिराईको खाडलमा पुर्नु पर्ने,

(ट) सुरक्षात्मक सामग्री बिक्रीमा राख्दा अनिवार्य रुपमा जीवनाशक विषादीसँग सम्पर्क नहुने तवरले छुट्टै क्याबिनमा राख्नु पर्ने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

(ठ) जीवनाशक विषादी छर्केको वा प्रयोग गरिएको जानकारी तथा अपनाउनु पर्ने सावधानीको सूचना जीवनाशक विषादी छर्केको वा प्रयोग गरिएको स्थानमा कम्तीमा पनि केन्द्रले निर्धारण गरेको अवधिसम्म राख्नु पर्ने,

(ड) अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, दीर्घ रोग लागेका व्यक्तिलाई जीवनाशक विषादीको सम्पर्कबाट टाढा राख्ने,

(ढ) उत्पादक वा पैठारीकर्ताले इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकाय बाहेक अन्य व्यक्ति, संस्था वा निकायलाई जीवनाशक विषादीको कारोबार गर्ने गरी जीवनाशक विषादीको बिक्री वितरण नगर्ने,

(ण) विद्युतीय बजार तथा सामाजिक संज्जालको प्रयोग गरी जीवनाशक विषादीको प्रचारप्रसार तथा बिक्री वितरण गर्न नपाइने।

(२) जीवनाशक विषादीको जथाभावी प्रयोग हुन नदिनको लागि त्यसको बिक्री गर्दाकै अवस्थामा बिक्रेताले जीवनाशक विषादीको खरिदकर्तालाई देहाय बमोजिम जानकारी गराउनु पर्नेछः-

(क) जीवनाशक विषादी प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी, प्रयोग गर्ने तरिका र त्यसको मात्रा,

(ख) जीवनाशक विषादीको जथाभावी प्रयोगबाट पर्न सक्ने असर र यसको दुरुपयोगबाट हुन सक्ने खतरा,

(ग) कुनै बाली वा उपजमा जीवनाशक विषादी प्रयोग गरेपछि त्यस्तो बाली वा उपज खान वा प्रयोग गर्न नहुने अवधि,

(घ) सावधानी पूर्वक प्रयोग गर्दा पनि कुनै दुर्घटना भएमा अपनाउनु पर्ने उपायहरु,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय कर्णाली प्रदेश

(ङ) आवश्यक ठानेका अन्य उपायहरु।

(३) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण तथा प्रयोग गर्दा जीवनाशक विषादीको सम्पर्कमा रही काम गर्ने कामदारको लागि समितिले निर्धारण गरेको रकममा नघट्ने गरी दुर्घटना तथा जीवन बीमा गराउनु पर्नेछ।

(४) जीवनाशक विषादीबाट सुरक्षित हुन अवलम्बन गरिने कार्य गर्नु त्यस्तो जीवनाशक विषादीको बिक्री वितरण, ओसारपसार, व्यावसायिक प्रयोग तथा भण्डारण गर्ने व्यक्ति, संस्था वा निकाय भए त्यस्तो संस्था वा निकायको प्रमुख भई काम गर्ने व्यक्तिको जिम्मेवारी हुनेछ।

१५. **विषादीको अवशेष विश्लेषणका लागि नमुना सङ्कलन तथा परीक्षण सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १२ को खण्ड (ङ) को अधिकार प्रयोग गरि जीवनाशक विषादीको प्रयोग भएको तरकारी, फलफूल लगायतका खाद्य वस्तुमा रहेको जीवनाशक विषादीको अवशेषका सम्बन्धमा जानकारी लिन तथा परीक्षण गर्नका लागि अनुसूची -१२ बमोजिमको ढाँचामा विवरण सहित जीवनाशक विषादीको अवशेषको सम्बन्धमा नमूना सङ्कलन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सङ्कलन गरिएको नमूनामा जीवनाशक विषादीको अवशेष परीक्षणका लागि समितिले तोकेको जीवनाशक विषादीको अवशेष विश्लेषण सम्बन्धी कार्य गर्न प्रयोगशालामा पठाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त नमूना सम्बन्धित प्रयोगशालाले परीक्षण तथा विश्लेषण गरी सोको प्रतिवेदन प्रयोगशाला र सम्बन्धित निरीक्षकलाई उपलब्ध गराउनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन प्रयोगशालाले उपयुक्त माध्यम र विधिबाट सार्वजनिक गर्नु पर्नेछ।

१६. **<u>जीवनाशक विषादीको नमूना सङ्कलन र परीक्षणः</u>** (१) जीवनाशक विषादीको प्रभावकारिताका सम्बन्धमा कसैबाट गुनासो प्राप्त भएमा वा निरीक्षक, प्रयोगशाला वा समितिले कुनै जीवनाशक विषादीको गुणस्तर परीक्षण गराउन आवश्यक देखेमा ऐनको दफा १३ बमोजिम नमूना सङ्कलन गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम जीवनाशक विषादीको नमूना सङ्कलन गर्दा अनुसूची-१३ बमोजिमको ढाँचामा परीक्षण फाराम तयार गरी प्रयोगशालामा परीक्षण गर्न आवश्यक मात्रामा बेग्ला बेग्लै तीनवटा नमूना सङ्कलन गरी त्यसलाई खाम, थैली वा बट्टामा राखी सिलबन्दी गरी एउटा नमूना मान्यता प्राप्त प्रयोगशालामा गुणस्तर परीक्षण वा विश्लेषणको लागि पठाई अर्को नमूना समिति वा निरीक्षकको कार्यालयमा र तेस्रो नमूना सम्बन्धित व्यवसायीकोमा सुरक्षित राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम नमूना सङ्कलन गर्दा जीवनाशक विषादीको परल मूल्य सम्बन्धित जीवनाशक विषादीको धनी वा बिक्रेतालाई तिर्नु पर्नेछ।

(४) जीवनाशक विषादीको नमूना राखिएको खाम, थैली वा बट्टामा जीवनाशक विषादीको धनी वा बिक्रेताको र नमूना लिने विषादी निरीक्षकको समेत सहीछाप गराउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम जीवनाशक विषादीको नमूना राखिएको खाम, थैली वा बट्टामा जीवनाशक विषादीको धनी वा बिक्रेताले सहीछाप गर्न नमानेमा नमूना सङ्कलन गर्ने कर्मचारीले सोही बेहोरा त्यस्तो खाम, थैली वा बट्टामा जनाई दस्तखत गर्नु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(६) उपनियम (२) बमोजिम प्राप्त नमूना प्रयोगशालाले परीक्षण तथा विश्लेषण गरी त्यस्तो नमूना प्राप्त भएको मितिले तीस दिनभित्र नमूना पठाउने प्रयोगशाला, समिति वा निरीक्षकलाई प्रतिवेदन दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम प्राप्त प्रतिवेदनबाट जीवनाशक विषादी पञ्जीकरण गर्दा उल्लेख गरिएको गुणस्तर भन्दा कम गुणस्तरको देखिएमा सो जीवनाशक विषादी नियन्त्रणमा लिई ऐन बमोजिम कारबाही गर्नु पर्नेछ।

**१७. <u>घरेलु विषादीको बिक्री वितरण सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै व्यक्ति,संस्था वा निकायले घरेलु विषादीको बिक्री वितरण गर्न चाहेमा निजले घरेलु विषादी बिक्री वितरणका लागि तपसिल बमोजिमको कागजात र अनुसूची-२ बमोजिमको दस्तुरका साथ निवेदन पेस गर्नु पर्नेछः-

(क) व्यावसायिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्र,

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) संस्था वा निकायको हकमा त्यस्तो निकायको आधिकारिक पत्र।

(२) उपनियम (१) बमोजिम निवेदन पेस भएमा समितिले आवश्यक जाँचबुझ गरी अनुसूची-१४ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

(३) कुनै व्यक्ति, संस्था वा निकायले इजाजतपत्र बिना घरेलु विषादीको बिक्री वितरण गर्न पाईने छैन।

(४) उक्त इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

(५) इजाजतपत्रको म्याद सकिनु कम्तिमा एक दिन अगावैका अनुसूची-२ बमोजिमको दस्तुर सहित प्रयोगशाला समक्ष निवेदन दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको निवेदन जाँचबुझ गरी समितिले तीन वर्षको लागि नवीकरण गर्न सक्नेछ।

(७) उपनियम (४) वमोजिम नवीकरण नगरिएका इजाजतपत्रको म्याद समाप्त भएको पैंतिस दिन भित्रमा प्रयोगशाला समक्ष दोब्बर दस्तुर बुझाई नवीकरण गर्न सकिनेछ। उक्त अवधिमा समेत नवीकरण नभएका इजाजतपत्रहरु स्वतः खारेज हुनेछन।

(८) नेपाल सरकारले पञ्जीकरण नगरेका कुनै पनि घरायसी विषादीहरु बिक्री वितरण गर्न पाईने छैन।

(९) सम्बन्धित इजाजतपत्रमा उल्लिखित शर्तहरु इजाजतपत्रवालाले पालना गर्नु पर्नेछ।

(१०) इजाजतपत्रमा भएका शर्तहरु पालना नगरेको खण्डमा कुनै पनि घरेलु विषादी बिक्री वितरण गर्न नपाउने गरी प्रयोगशालाले उक्त ईजाजतपत्र स्वतः रद्द गर्न सक्नेछ।

१८. <u>**अनुगमन प्रतिवेदन पेस गर्नु पर्नेः**</u> ऐनको दफा २२ बमोजिम अनुगमन गरेका निकायले अनुसूची-१५ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

१९. <u>**विवरण तथा फाइल बुझिलिनेः**</u> यो नियमावली प्रारम्भ हुनु अघि प्लान्ट क्वारेण्टाइन तथा विषादी व्यवस्थापन केन्द्रबाट जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई दिइएको इजाजतपत्र सम्बन्धी कागजात, विवरण तथा फाइल ऐनको दफा ६ बमोजिमको समितिले बुझिलिनेछ।

२०. **<u>क्षतिपूर्ती सम्बन्धी व्यवस्था</u>**ः क्षतिपूर्ति सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ।

२१. **<u>कारोबारको अभिलेख राख्ने र विवरण पठाउने:</u>** (१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम जीवनाशक विषादीको विक्री वितरण, ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यक्ति, संस्था वा निकायले प्रत्येक आर्थिक वर्षमा आफूले कारोबार गरेको जीवनाशक विषादीको नाम, परिमाण, कारोवार रकम तथा रातो र पहेलो लेवलको विषादी खरिद गर्ने व्यक्तिको विवरण तथा कारोबार भएको जीवनाशक विषादीको नाम, समूह र परिमाणको तथ्याङ्कसमेत उल्लेख गरी अनुसूची-१६ बमोजिमको ढाँचामा वार्षिक रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्रत्येक वर्षको भदौ मसान्तभित्र प्रयोगशाला समक्ष उपलब्ध गराउनु पर्नेछ।

२२. **<u>सहयोग गर्नुपर्नेः</u>** (१) निरीक्षकले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सुरक्षा लगायत कुनै सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय प्रशासनसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिको निरीक्षकले सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

२३. **<u>अनुसूची हेरफेर</u>**ः मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

२४. **<u>सङ्घीय ऐन, नियम वमोजिम हुने:</u>** यस नियममा लेखेको नियममा यसै नियम वमोजिम र अन्यमा सङ्घीय ऐन र नियम वमोजिम हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**<u>इजाजतपत्रको लागि दिने निवेदनको ढाँचा</u>**

श्रीमान् कार्यालय प्रमुख, मितिः

एकीकृत कृषि प्रयोगशाला, कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत।

विषयः विषादी खुद्रा विक्रेता/छर्कने व्यवसाय/व्यवसायिक प्रयोग/घरायसी विषादी बिक्री वितरण गर्ने इजाजतपत्र पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा जीवनाशक विषादीको (बिक्री वितरण/छर्कने व्यवसाय/व्यवसायिक प्रयोग) गर्ने इजाजतपत्रको लागि कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ को दफा ४ तथा कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम ३ बमोजिम इजाजतपत्र पाउन तपसिल बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं।

| |
|---|
| इजाजतपत्र माग गर्ने व्यक्ति, संस्था वा निकायको नामः |
| ठेगानाः |
| प्रोपाइटरको नाम : |
| नागरिकता नं र जारी जिल्लाः |
| सम्पर्क नं. ईमेलः |
| कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम ४ को खण्ड (क) र (ख) बमोजिम योग्यता र तालिम प्राप्त व्यक्तिको नामः |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| | |
|---|---|
| योग्यता/प्रमाणपत्र नं. | नागरिकता नं. र जिल्लाः |
| शाखा रहने/नरहनेः | |
| संस्था वा निकायको छापः | |

निवेदकको दस्तखतः

नामः

मितिः

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची -२

(नियम ३ को उपनियम (१), नियम ६ को उपनियम (१), नियम ८ को उपनियम (२), नियम १७ को उपनियम (१) र (५) सँग सम्बन्धित)

**इजाजत पत्र प्राप्ती, नवीकरण तथा प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्थाः**

| विवरण | इजाजतपत्र दस्तुर (रू.) | नवीकरण(रू.) | कैफियत |
|---|---|---|---|
| रसायानिक जीवनाशक विषादीको विक्रीवितरण, भण्डारण तथा प्रयोग | २०००/- | १०००/- | |
| जीवनाशक विषादीको छर्कने व्यवसाय | १०००/- | ५००/- | |
| वनस्पतिजन्य जैविकविषादी | १०००/- | ५००/- | |
| घरेलु विषादी | ५००/- | ३००/- | |
| प्रतिलिपि निकाल्नका लागि | नवीकरण बराबरको दस्तुर लाग्ने छ। | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

# अनुसूची-३

(नियम ३ को उपनियम (२) र नियम ६ को उपनियम (१) को खण्ड (च) सँग सम्बन्धित)

## CHECK LIST FOR PREMISES OF PESTICIDE RETAILER

Shop Name: ..............................................Shop Address: ..........................
Phone: .....................................
Proprietor's Name: ..............................................................
Address:......................................................
Exclusively Pesticides Shop ( ) Yes ( ) No Combined with other items ( ) Yes ( ) No
Pesticide importer ? ( ) Yes ( ) No
Check List for: ( ) Shop ( ) Separate Godown
Shop already opened (Yes/No) ............... (If Yes, fill A, B, C and D; if No, fill A and D only.)

**A. CONSTRUCTION**

Floor: ( ) Concrete ( ) Other (Specify): ......................
Walls: ( ) Concrete ( ) Other (Specify): ......................
General: ( ) Waterproof ( ) Needs Repair? (Specify): ............
Drains: ( ) Into Sump. ( ) Into the Road ( ) Other (Specify): ...........
Ventilation : ( ) Excellent ( ) Good ( ) Poor
Door Locks : ( ) All Doors ( ) Some ( ) None
Warning Signs : (Specify in word) : ..................................................

**B. STORAGE**

The store contain : ( ) Fertilizers ( ) Veterinary Products ( ) Seed ( ) Other (Specify) : ..................
Does the store contain: ( ) Food items ( ) Feed items
**Are pesticides stored / displayed separately from other products ?** ( ) Yes ( ) No
**Are any faded or unreadable labels present ?** ( ) Yes ( ) No
**Are any damaged or leaking containers present ?** ( ) Yes ( ) No
**Are any unlabelled pesticides present ?** ( ) Yes ( ) No
**Is there a list of registered/gazetted pesticides?** ( ) Yes ( ) No
Evidence of spillage (Specify in word): .......................................
**Tidiness :** ( ) Excellent ( ) Good ( ) Poor
**Presence of date expired pesticides:** ( ) Yes ( ) No
**Presence of unregistered pesticides** ( ) Yes ( ) No

**Presence of banned pesticides** ( ) Yes ( ) No

Other (Specify): ..........................................................

**C. PRECAUTIONS**

Are staffs wearing long trousers ? ( ) Long sleeved shirts ( ) Shoes

On the premises, is there ? ( ) Soap and a bucket of water

( ) A bucket of sand/dirt

Does the store contain ? ( ) Glove ( ) Apron ( ) Mask/Mask Shield

Does the store contain ? Separate management for expired and damaged pesticide (Yes/No)

Is there: ( ) A shovel ( ) A broom ( ) A container for spillage/ sweeping waste

**D. ADDITIONAL NOTES ATTACHED :**

..............................................................................................

................ ...............

Name and Signature : (Verified By)

(Pesticide Inspector)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची-४

(नियम ३ को उपनियम (४) सँग सम्बन्धित)

**इजाजतपत्रको ढाँचा**

**कर्णाली प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**..................................................**

**वीरेन्द्रनगर, सुर्खेत**

**जैविक विषादी खुद्रा विक्रेता इजाजत–पत्र**

**ORGANIC PESTICIDE RETAILER LICENSE**

| पासपोर्ट साइजको फोटो |
|---|

श्री (व्यवसायको नाम र ठेगाना).........................................ले जैविक विषादी खुद्रा बिक्री वितरण भण्डारण तथा व्यवस्थापनका व्यवसायको लागि तोकिएको मापदण्ड पूरा गरेको पाईएकोले तपसिल अनुसारका सर्तहरु पालना गर्ने गरी **कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३** बमोजिम यो **इजाजत-पत्र प्रदान**गरिएकोछ।

१. व्यक्ति/संस्था/निकायको नाम र ठेगानाः

२. तालिम प्राप्त व्यक्तिको नाम, ठेगाना, नागरिकता नम्बर र जिल्लाः

(क)

(ख)

<u>सर्तहरु</u>

१. कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२मा उल्लेखित व्यवस्था र सो ऐन सँग सम्बन्धित नियमावली, निर्देशिका र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

२. अनुगमन निरीक्षणमा खटिएको व्यक्ति, संस्था र निकायलाई अवरोध पुऱ्याउन पाइने छैन।

३. विषादी बिक्री वितरण, भण्डारण र व्यवस्थापनमा निम्न व्यक्ति प्रत्यक्ष संलग्न हुनु पर्नेछ।

नाम थर: ...................ठेगान.....................प्रमाण पत्रनं.: ......

नाम थर: .......... ठेगाना........:.......प्रमाण पत्रनं .:.........

| | |
|---|---|
| **इजाजतपत्रनं. : .................................** | **License No.: ………………………** |
| **जारी/नवीकरण मिति....................** | **Date of Issue/Renew ……………** |
| **म्यादसकिने मिति: .......................** | **Date of expiry**:……………… |

कार्यालय प्रमुख

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## इजाजतपत्र नवीकरण विवरण

| क्र. सं. | नवीकरण मिति | म्याद सकिने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटः यो ईजाजतपत्र प्राप्त गरेको र नवीकरण गरेको हरेक तीन बर्ष भुक्तान हुन आउने मितिको पैंतीस दिन अगावै नवीकरण गराउनु पर्नेछ।**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

**अनुसूची-५**

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**प्रमाणपत्रको ढाँचा**

**कर्णाली प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**एकीकृत कृषि प्रयोगशाला**

**वीरेन्द्रनगर, सुर्खेत**

**प्रमाण-पत्र**

**CERTIFICATE**

| पासपोर्ट साइजको फोटो |
|---|

यो प्रमाणित गरिन्छ कि........................ का श्री........................ (ना.प्र.प.नं................) लाई "विषादीको सुरक्षित भण्डारण तथा प्रयोग" सम्बन्धी तालिममा सहभागी भई सञ्चालित परीक्षा उत्तीर्ण गरेकोले निजलाई जीवनाशक विषादीको खुद्रा विक्री, वितरण तथा भण्डारण प्रयोजनका लागि यो प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रमाण पत्र नं.................. . | Certificate No................

मितिः .............................. | Date:...........................

.................

प्रमुख

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची-६

(नियम ५ को उपनियम (१) र (३) सँग सम्बन्धित)

**इजाजतपत्रको ढाँचा**

**कर्णाली प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**..................................................**

**वीरेन्द्रनगर, सुर्खेत**

**विषादी खुद्रा विक्रेता इजाजत–पत्र**

**PESTICIDE RETAILER LICENSE**

| पासपोर्ट साइजको फोटो |
|---|

श्री (व्यवसायको नाम र ठेगाना) ........................................... ले विषादी खुद्रा बिक्री वितरण भण्डारण तथा व्यवस्थापनका लागि तोकिएको मापदण्ड पूरा गरेको पाईएकोले तपसिल अनुसारका सर्तहरु पालना गर्ने गरी कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ बमोजिम यो इजाजत-पत्र प्रदान गरिएको छ।

१. व्यक्ति/संस्था/निकायको नाम र ठेगानाः

२. तालिम प्राप्त व्यक्तिको नाम, ठेगाना, नागरिकता नम्बर र जिल्लाः

(क)

सर्तहरु

१. कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ मा उल्लिखित व्यवस्था र सो ऐन सँग सम्बन्धित नियमावली, निर्देशिका र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

२. अनुगमन निरीक्षणमा खटिएको व्यक्ति, संस्था र निकायलाई अवरोध पुऱ्याउन पाइने छैन।

३. विषादी बिक्री वितरण, भण्डारण र व्यवस्थापनमा निम्न व्यक्ति प्रत्यक्ष संलग्न हुनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

नाम थरः ................ ठेगाना.............प्रमाणपत्र .............

नाम थरः................ ठेगाना................प्रमाणपत्र नं...............

**इजाजतपत्र नं. :** .......................... **License No.:** ............................

**जारी/नवीकरण मितिः** .................. **Date of Issue/Renew:** ................

**म्याद सकिने मितिः** ..................... **Date of expiry:** ......................

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली

**कार्यालय प्रमुख**

## इजाजतपत्र नवीकरण विवरण:

| क्र.सं. | नवीकरण मिति | म्याद सकिने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटः यो ईजाजतपत्र प्राप्त गरेको र नवीकरण गरेको हरेक तीन बर्ष भुक्तान हुन आउने मितिको पैंतीस दिन अगावै नवीकरण गराउनु पर्नेछ।**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

# अनुसूची-७

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

## प्रमाणपत्रको ढाँचा

**कर्णाली प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**एकीकृत कृषि प्रयोगशाला**

**वीरेन्द्रनगर, सुर्खेत**

**प्रमाण-पत्र**

**CERTIFICATE**

पासपोर्ट साइजको फोटो

यो प्रमाणित गरिन्छ कि-

........................का श्री....................................(ना.प्र.प.नं................) लाई "विषादीको सुरक्षित प्रयोग" सम्बन्धी तालिममा सहभागी भई सञ्चालित परिक्षा उत्तीर्ण गरेकोले निजलाई जीवनाशक विषादीको व्यवसायिक प्रयोग र छर्कने व्यवसाय प्रयोजनका लागि यो प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रमाण पत्र नं........... . Certificate No................

मितिः .............................. Date:.............................

प्रमुख

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची-८

(नियम ५ को उपनियम (२) र (३) सँग सम्बन्धित)

**इजाजतपत्रको ढाँचा**

**कर्णाली प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**..................................................**

**वीरेन्द्रनगर, सुर्खेत**

**व्यवसायिक प्रयोग र छर्कने व्यवसायको इजाजत-पत्र**

**PESTICIDE APPLICATOR LICENSE**

| पासपोर्ट साइजको फोटो |
|---|

श्री (व्यवसायको नाम र ठेगाना).....................................................**ले** जीवनाशक विषादीको व्यवसायिक प्रयोग र छर्कने व्यवसायको लागि तोकिएको मापदण्ड पूरा गरेको पाईएकोले तपसिल अनुसारका सर्तहरु पालना गर्ने गरी **कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२** बमोजिम यो **इजाजत-पत्र प्रदान** गरिएकोछ।

१. व्यक्ति/संस्था/निकायको नाम र ठेगानाः

२. तालिम प्राप्त व्यक्तिको नाम, ठेगाना, नागरिकता नम्बर र जिल्लाः

(क)

(ख)

<u>सर्तहरु</u>

१. कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ मा उल्लिखित व्यवस्था र सो ऐन सँग सम्बन्धित नियमावली, निर्देशिका र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

२. अनुगमन निरीक्षणमा खटिएको व्यक्ति, संस्था र निकायलाई अवरोध पुऱ्याउन पाइने छैन ।

३. विषादी बिक्री वितरण, भण्डारण र व्यवस्थापनमा निम्न व्यक्ति प्रत्यक्ष संलग्न हुनु पर्नेछ।

नाम थरः ........................ ठेगानाः.............................प्रमाणपत्र नं......

नाम थरः....................... ठेगाना ...............................प्रमाणपत्र नं......

**इजाजतपत्रनं. : ......................** **License No.:** .............................

**जारी/नवीकरण मिति..........** **Date of Issue/Renew:** ...............

**म्याद सकिने मितिः ...........** **Date of expiry:** .....................

**कार्यालय प्रमुख**

कर्णाली प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्

## इजाजतपत्र नवीकरण विवरण

| क्र.सं. | नवीकरण मिति | म्याद सकिने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

**नोटः यो ईजाजतपत्र प्राप्त गरेको र नवीकरण गरेको हरेक तीन बर्ष भुक्तान हुन आउने मितिको पैंतीस दिन अगावै नवीकरण गराउनु पर्नेछ।**

## अनुसूची - ९

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**<u>इजाजतपत्र नवीकरण निवेदनको ढाँचा</u>**

श्रीमान् कार्यालय प्रमुख,
एकीकृत कृषि प्रयोगशाला, कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत ।

**विषयः इजाजतपत्र नवीकरण गरी दिनु हुन ।**

..................................जीवनाशक विषादी बिक्री वितरण गर्न इजाजतपत्र लिई व्यवसाय गरिरहेकोमा इजाजतपत्रको म्याद मिति............मा समाप्त हुने हुँदा नवीकरणका लागि कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम ६ को उपनियम (१) बमोजिमका आवश्यक कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं ।

इजाजतपत्र नं.        लिएको मितिः        म्याद समाप्त मितिः

व्यक्ति/संस्था/निकायको नामः

नागरिकता नं. र जिल्लाः        ठेगानाः

आधिकारिक व्यक्तिको नाम र पदः

सम्पर्क नं.

इमेलः

कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम ४ बमोजिम योग्यता वा तालिम प्राप्त व्यक्तिको नामः

ठेगानाः        नागरिकता नं. र जिल्लाः

शाखा रहने/नरहनेः

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची - १०

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

**जफत मुचुल्का**

विषयः मुचुल्का सम्बन्धमा।

....................... बिषादी बिक्री वितरण गरिरहेको स्थान (पसल/घर/गोदाम तथा अन्य संरचना लगायत) को निरीक्षणका दौरान बिषादी बिक्री वितरण तथा भण्डारण/व्यवसायिक प्रयोग तथा छर्कने व्यवसाय सञ्चालनका लागि इजाजतपत्र नलिई व्यवसाय गरेको/कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ को दफा......./कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम..........को प्रतिकूल हुने गरी कार्य गरेको पाईएको हुँदा ................ले कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ को दफा ........ तथा कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम........ को व्यवस्था उल्लङ्घन गरेको हुँदा देहाय बमोजिमका हामी व्यक्तिको रोहवरमा कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ को दफा १२ को खण्ड (च) र (छ) र कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम ११ को उपनियम (२) बमोजिम जफत गरिएको छ।

जफत गरिएको सामग्रीः

| क्र.सं. | सामग्री | प्रकार | परिणाम | जफत गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

रोहवरः

श्री............................ दस्तखत............................

श्री............................ दस्तखत............................

श्री............................ दस्तखत............................

विषादी निरीक्षकको:-

दस्तखतः

नाम,थरः

मितिः

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची-११

(नियम १४ को उपनियम (१) को (ख) सँग सम्बन्धित)

**जीवनाशक विषादीको खतरा जनाउने चिन्ह**




१. जीवनाशक विषादीको उत्पादन, आयात निर्यात, भण्डारण, ओसारपसार र बिक्रि गर्ने क्षेत्रमा १x१ फिट साइजको सबै मानिसले देख्ने स्थानमा जीवनाशक विषादीको खतरा जनाउने चिन्ह राख्नु पर्नेछ।

२. उक्त खतरा जनाउने चिन्हमा मानिसको खप्पर तथा हड्डी सहितको चित्रमा जीवनाशक विषादी भण्डारण कक्ष भए "खतरा जीवनाशक विषादी भण्डारण कक्ष" र बिक्री वितरण पसल भए "खतरा जीवनाशक विषादी बिक्री पसल" भनी सूचना राख्नु पर्नेछ।

३. धुम्रपान, खानपान र पिउन निषेधित क्षेत्र भनी सूचना राख्नु पर्नेछ।

४. जीवनाशक विषादी बिक्री कक्षमा अठार वर्ष मुनिका बालबालिकाका लागि जीवनाशक विषादी बिक्री वितरण निषेध गरिएको सूचना असी फन्ट साइजको नेपाली अक्षरमा लेखेर देखिने स्थानमा टाँस्नु पर्नेछ।

## अनुसूची-१२

(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

**जीवनाशक विषादी अवशेष परीक्षणका लागि नमूना सङ्कलन फारामको ढाँचा**

नमूना लिएको मितिः समयः

१. व्यवसाय/पसलको नाम र ठेगानाः

२. पसल सञ्चालनको नाम र ठेगानाः

३. सञ्चालकको नागरिकता नम्बरः

४. सम्पर्क नम्बरः

५. पसल नं. तथा पहिचानः

नेपालमा उत्पादित बालीको नमूनाका लागि नमूनाको विवरणः

| क्र.सं. | बाली | नमूनाको परिमाण | नमूनाको उत्पादन स्थल जिल्ला | पसलमा रहेको बालीको जम्मा परिमाण | सङ्कलन केन्द्रको नाम र ठेगाना | उत्पादन कृषकको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

नेपाल बाहिरबाट आयात गरिएको बाली:

| क्र.सं. | बाली | नमूनाको परिमाण | नमूनाको उत्पादन गरेको देश | उत्पादन स्थलको ठेगाना | ढुवानी गर्ने साधनको नं. | जम्मा परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अन्य थप विवरण भए:

पसल धनिको

दस्तखत:-

छाप:

नमूना लिने आधिकारिक व्यक्तिको,-

नाम:

पद:

दस्तखत:

मिति:

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

१. नमूना लिँदा अन्य रोहवरमा रहेको व्यक्ति भएमा विवरण लेखि दस्तखत गराउनु पर्नेछ।

२. नमूना लिँदा आवश्यकता अनुसार र कम्तीमा उत्पादित बालीको परीक्षणका लागि चाहिने नमूना ७५० ग्राम भन्दा नघटाई लिनु पर्नेछ।

३. नमूना सङ्कलन गर्दा वैज्ञानिक आधारमा र जीवनाशक विषादी प्रयोग हुने बालीहरूलाई प्राथमिकतामा राखी गर्नु पर्नेछ।

४. बालीको नमूना लिएको एक प्रति सम्बन्धित बिक्रेतालाई दिनु पर्नेछ।

५. नमूना प्रयोगशालामा बुझाउँदा प्रयोगशालाको मापदण्ड अनुसार विवरण उपलब्ध गराउनु पर्नेछ र बुझाएको भर्पाई लिनु पर्नेछ।

६. प्रयोगशालाको प्रतिवेदन तयार भएपछि सम्बन्धित नमूना सङ्कलकलाई प्रतिवेदन बुझाउनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची -१३

(नियम १६ को उपनियम (२) सँग सम्बन्धित)

**जीवनाशक विषादीको परीक्षण फारम**

१. जाँच गरिने जीवनाशक विषादीको व्यापारिक नाम:

२. जीवनाशक विषादीको सामान्य नाम:

३. उत्पादक उद्योगको नाम ठेगाना:

४. इजाजतपत्रवाला व्यक्ति, संस्था वा निकायको नाम:

५. ठेगाना:

६. सम्पर्क नं.:

७. इमेल:

८. प्रमाणपत्र नं.: प्रमाणपत्र जारी मिति:

९. इजाजतपत्र नं.: इजाजतपत्र जारी मिति:

१०. सूचकपत्रमा भएको जीवनाशक विषादीको रङ्ग:

११. जीवनाशक विषादीको फर्मूलेशन: धूलो () गेडा () झोल () ट्याबलेट () अन्य ()

१२. कन्टेनरमा भएको जीवनाशक विषादीको तौल: (केजी वा लिटर)

१३. जीवनाशक विषादीको कन्टेनर: प्लाष्टिक प्याक () बोतल () ग्यालिन () अन्य ()

१४. परीक्षणका लागि नमूना लिइएको परिमाण:

१५. नमूना लिने व्यक्तिको नाम, पद:

१६. कार्यालयको नाम:

१७. नमूना लिएको मिति:

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| | |
|---|---|
| इजाजतपत्रवालाको, | नमूना लिने आधिकारिक व्यक्तिको |
| दस्तखत: | नाम: |
| | पद: |
| छाप: | दस्तखत: |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची -१४

(नियम १७ को उपनियम (२) सँग सम्बन्धित)

**घरेलु विषादीको बिक्री वितरण गर्ने इजाजतपत्रको ढाँचा**

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

...............................................

वीरेन्द्रनगर, सुर्खेत

| पासपोर्ट साइजको फोटो |
|---|

**घरेलु विषादीको बिक्री वितरण गर्ने इजाजतपत्र**

श्री..............................................(व्यक्ति, संस्था वा निकायको नाम र ठेगाना) ले देहायका सर्तको पालना गर्ने गरी घरेलु विषादीको खुद्रा बिक्री वितरण गर्न कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ को नियम १७ को उपनियम (२) बमोजिम यो इजाजतपत्र दिइएको छ ।

१. व्यक्ति/संस्था/निकायको नाम र ठेगानाः

२. तालिम प्राप्त व्यक्तिको नाम, ठेगाना, नागरिकता नम्बर र जिल्लाः

(क)

(ख)

सर्तहरु

१. कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८२ मा उल्लेखित व्यवस्था र सो ऐन सँग सम्बन्धित नियमावली, निर्देशिका र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

२. अनुगमन निरीक्षणमा खटिएको व्यक्ति, संस्था र निकायलाई अवरोध पुऱ्याउन पाइने छैन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

३. विषादी बिक्री वितरण, भण्डारण र व्यवस्थापनमा निम्न व्यक्ति प्रत्यक्ष संलग्न हुनुपर्नेछ।

नाम थरः ..................................... ठेगानाः ......................... प्रमाण पत्र नं.:.......

नाम थरः ................................ ठेगानाः ......................... प्रमाण पत्र नं.: .........

**इजाजतपत्रनं. : ....................................** **License No.: ......................**

**जारी/नवीकरण मितिः..............** **Date of Issue/Renew: .........**

**म्याद सकिने मितिः ................** **Date of expiry: .....................**

**कार्यालय प्रमुख**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्या

## इजाजतपत्र नवीकरण विवरण

| क्र.सं. | नवीकरण मिति | म्याद सकिने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची -१५

(नियम १८ सँग सम्बन्धित)

**<u>अनुगमन प्रतिवेदनको ढाँचा</u>**

**अनुगमन मितिः** **समयः**

**स्थानः**

**व्यवसाय/पसलको नाम र ठेगानाः**

**सञ्चालकको नाम र ठेगानाः**

**सञ्चालकको नागरिकता नम्बरः**

**सम्पर्क नम्बरः**

| **क्र.सं.** | **अनुगमनको क्रममा देखिएका विषयहरु** |
|---|---|
| १. | पञ्जीकरण गरिएको/नगरिएको |
| २. | सञ्चालकले व्यवसायको इजाजपत्र लिए/नलिएको |
| | लिएको भए इजाजतपत्र नम्बर र मितिः |
| ३. | व्यवसाय/इजाजतपत्रको प्रकृति तथा प्रकारः |
| ४. | नवीकरण गरिएको वा नगरिएको |
| | गरिएको भए मितिः |
| ५. | ऐनको दफा ५ बमोजिमको योग्यता भए/नभएको |
| ६. | भण्डारण तथा बिक्री वितरण स्थलको अवस्था |
| ७. | जीवनाशक विषादी प्रयोग अवस्था |
| ८. | ओसारपसार गर्दा मापदण्ड पालना गरे/नगरेको |
| ९. | प्रयोगकर्ताको गुनासो तथा सुझाव |
| १०. | व्यवसाय तथा सञ्चालकबाट भएका सकारात्क कार्य र पहल |
| ११. | समस्याहरु |
| १२. | समस्या समाधानमा स्थलगत रुपमा भएका प्रयासहरु |

| | |
|---|---|
| १३. | स्थलगत रुपमा समाधान गर्न नसकिएका समस्याहरु |
| १४. | समाधानका उपायहरु |

**अनुगमन प्रतिवेदकको रायः-**

**अनुगमन जाने पदाधिकारीहरुको**

**नाम र दस्तखतः**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

# अनुसूची -१६

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

## बिषादीको अभिलेख

व्यक्ति/निकायको नाम र ठेगानाः इजाजतपत्र नं :

प्रमाणपत्र नंः

सञ्चालकको नाम र ठेगाना : सम्पर्क नं :

अभिलेख राखेको अवधिः

| क्र.सं. | व्यवसायीको नाम | साधारण नाम | जीवनाशक विषादीको समूह | संश्लेषणको किसिम | खास बिष मात्रा % | कुल खरिद परिमाण | प्रति के.जि./लिटर मूल्य | जम्मा रकम रु | बिक्री परिमाण | मौज्दातमा रहेको परिमाण | म्याद समाप्त | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | परिमाण | कारण |
| किटनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| ढुशीनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| झारपातनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| मुसानाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| ब्याक्टेरियानाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| शुलशुलेनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| जैविक र बानस्पतिक बिषादी | | | | | | | | | | | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| ल्युर,ट्र्याप आदि | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | |

पेस गर्नेः दस्तखतः

निर्णय मिति: २०८३।०२।१३

**आज्ञाले,**
**संजिव कुमार कर्ण**
**प्रदेश सरकारको सचिव।**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश